## ४. नगरसभाले गरेका निर्णयहरू

**निर्णय नं. १**

राजस्व परामर्श समिति ,बजेट तथा कार्यक्रम तर्जुमा समिति, बिषयगत समिति र श्रोत अनुमान तथा सिमा निर्धारण समितिले तय गरेको सीमा र सिलिङ भित्र रही पेश भएका आयोजनाहरू र मिति २०७६ साल असार ६ गते सम्पन्न कार्यपालिकाको बैठकले नगरसभामा पेश गर्ने गरी तय गरी उप-प्रमुख ज्यूबाट मिति २०७६ असार १० गते पेश भएका नीति तथा कार्यक्रम ,आर्थिक विधेयक ,२०७६ ,विनियोजन विधेयक ,२०७६ र चालु आ.व. को आम्दानी खर्च सहितको आर्थिक विश्लेशण लयागतका निश्कर्षहरूलाई सामान्य संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

नेपाल सरकारले यस नगरपालिकाको लागि स्वीकृत गरेको संगठन संरचना र दरबन्दी संख्या अनुसूची बमोजिमको स्वीकृती गर्ने र आवश्यकताका आधारमा संगठन संरचनाको O & M गर्न कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस पाख्रिवास नगरपालिका वडा नं. ४ को मुंग्रे आहालमा निर्माण हुँदै गरेको नगरपालिका कार्यालय भवन र राम्चे डाँडामा निर्माण हुँदै गरेको राम्चे भ्यू टावर निर्माण र भुक्तानी सम्बन्धमा नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

चालू आर्थिक वर्षमा पुँजीगत खर्च भित्रका विभिन्न सहायक शिर्षकहरूमा वडा तथा नगरबाट विनियोजित रकम सम्बन्धित वडाको सिफारिसको आधारमा पुँजीगत खर्च शिर्षकको अर्को सहायक शिर्षकमा प्रचलित कानुन बमोजिम खर्च गर्ने गरी कार्यपालिकाको निर्णय बमोजिम शिर्षक परिवर्तन गरिएको हुदाँ त्यस्ता प्रकारका सबै निर्णयलाई अनुमोदन/स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

आ.व. २०७६/०७७ का लागि स्थानीय न्यूनतम दररेट निर्धारणका लागि यस कार्यालयका प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी स्थानीय बजार भाउ समेतलाई आधार मानी सरोकारवाला समेतको सहभागितामा सो समितिले निर्धारण गरेको न्यूनतम दररेटलाई नगर कार्यपालिकाको बैठकले स्थानीय दररेट निर्धारण गर्ने अधिकार पाख्रीबास नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

आर्थिक वर्ष २०७६/०७७ का लागि अनुसूचिमा संलग्न उल्लेखित दरबन्दी मुताविकको पदहरूमा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आ .व.२०७४/७५ मा भएको लेखापरीक्षण प्रतिवेदनलाई स्वीकृत गर्दै औल्याएको बेरुजु प्रचलित कानुन बमोजिम असूल उपर गर्न कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भ फेर्ने, मृगौला खराब, अलजाइमर्स र पार्किन्सन भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधि उपचार सहयोगका अतिरिक्त नगरपालिकाबाट यातायात खर्च स्वरूप प्रति बिरामी रू. १०,००० /- (अक्षेरेपि रू दश हजार मात्र ) उपलब्ध गराईने निर्णय गरियो ।

**निर्णय नं. ९**

**"ग वडाध्यक्षकर्णधारसँ"** कार्यक्रम अन्तर्गत गर्भ रहे देखि प्रसुती हुनु पूर्व चार पटक नियमित गर्भवती परिक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रसुती गराउने सुत्केरी महिलाको घरमा प्रथा, परम्परा अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा वडा सचिव ,स्वास्थ्य शाखाको कर्मचारी सहितको टिमले नवजात शिशु स्याहार सामग्री, पोषणयुक्त खानेकुरा, स्वास्थ्य परिक्षण र जन्मदर्ता उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भए पश्चात स्थानीय सरकारको रुपमा कार्यसम्पादन गर्नु पर्ने अवस्था छ । हाल संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कुल दरबन्दी भई सकेको भएता पनि सीट कर्मचारीहरूबाट कार्यसम्पादन गराउनु पर्ने बाध्यता एकातिर छ भने जनप्रतिनिधिद्वारा नेतृत्व गरेका स्थानीय तह र सो अन्तर्गतका कार्यालयहरूबाट छिटो, छरितो, सृजनशील र फरक ढङ्गले सेवा सम्पादन हुने कुरा महसुस गराउनु पर्नेछ । यसका लागि फिल्डमा निरन्तर खटिने, कहिलेकाही खटिने, कार्यालयमा कार्यरत ज्यालादारी र संस्थागत करारबाट सेवामा लिएका सबै कर्मचारीलाई बेतनको एक तृतीयांशसम्म पारितोषिक र नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता र चाडवाड खर्च समेत उपलब्ध गराउने निर्णय गरियो । माथि उल्लेख भए भन्दा बढी काम खटाउनु पर्ने विशेष परिस्थितिमा कर्मचारीहरूको कामका आधारमा प्रमुखले स्वीकृत बजेटको अधिनमा रहि तोके बमोजिमको हुनेछ भने फिल्डमा खटिने र कार्यालयमा बिहान बेलुका काम गर्ने कर्मचारीलाई सवारीसाधन उपलब्ध गराईएका वा भएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गर्ने गरि स्वीकृत बजेट भित्र रहि इन्धन उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिनेछ ।

**निर्णय नं ११**

उपभोक्ता समिति सम्बन्धी उपभोक्ता समिति गठन परिचालन कार्यविधि, २०७५ संसोधन गरी कार्यान्वयनमा ल्याउन नगर कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

एक आर्थिक वर्ष भित्र उत्कृष्ट हुने उत्कृष्ट दुग्ध व्यवसाय ३ जनालाई १५०००को दरले , उत्कृष्ट बंगुर पालक १ जनालाई रू. १००००,उत्कृष्ट बाख्रापालक १ जनालाई रू. १००००, उत्कृष्ट श्रवण कुमार १० जनालाई जनही रू. ५००० को दरले र उत्कृष्ट कर्मचारी पुरस्कार रकम रू. २०००० छनौट गरी पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. १३**

नगरको श्रोतले चालु आ.व. आम सञ्चालन गर्न नसक्ने आयोजनाहरूलाई सङ्घ, प्रदेशमा माग गर्ने आयोजनाहरूको सूचिमा सूचिबद्ध गर्ने र बाँकी आयोजनाहरूलाई नगरले श्रोत उपलब्ध भएमा सञ्चालन गर्ने आयोजना बैंकको रुपमा समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

उप प्रमुख ज्यूबाट पेश भएका देहाय बमोजिमका विधेयकहरू स्वीकृत गर्ने निर्णय पारित गरियो।

**देहाय**

**आर्थिक विधेयक, २०७६**

**विनियोजन विधेयक, २०७६**

**पाख्रीबास नगरपालिकाको विपद व्यवस्थापन सञ्चालन कोष निर्देशिका, २०७५ संसोधन बिधेयक**

**निर्णय नं. १५**

यस पाख्रीबास नगरपालिकाको नगर सार्वजनिक खरिद नियमावली तयार गरी कार्यान्वयनमा ल्याउन नगर कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ को परिधि भित्र रही बचत हुन आउने रकमबाट नगर कार्यपालिकाले रकमान्तर गर्ने निर्णय भएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

प्रदेश सरकारबाट प्राप्त हुने प्रदेश सशर्त अनुदानको लागि पाख्रीबास नगरपालिका वडा नं. ६ को पाख्रीबास फलाटे अधेरीघाट सडक स्तरोन्नतिको लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

सडक बोर्ड नेपालबाट प्राप्त अनुदानको कार्यान्वयन गर्नको लागि पाख्रीबास नगरपालिका वडा नं. ३ को सिंहदेबी हुदै उत्तरपानी सडक मर्मत गर्न सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं १९.**

चालू आर्थिक वर्षमा नगरकार्यपालिका ,नगर प्रमुख ,उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस नगर क्षेत्र भित्रका अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरूले नगरपालिकाको सेवा प्रयोग गर्दा लाग्ने दस्तुर वा करको रकममा १० प्रतिशत छूट दिईनेछ  र यस्तो सेवा प्रयोग गर्नका लागि अपाङ्गता परिचय पत्र वा विशेष क्षमता भएको परिचय पत्र पेश एवम् नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर नियमित रुपमा बुझाएको हुनु पर्नेछ ।

**निर्णय नं. २१**

सम्पति करको स्व-घोषणा फारम सेवाग्राहीको अनुरोधमा भर्ने वा वडा कार्यालय कर्मचारीले भरि दिए बापत प्रति फारम रू. २०/- का दरले प्रोत्साहन बापत खाजा खर्च प्रदान गर्ने जसका लागि रजिष्टरमा व्यवस्थित रेकर्ड राखी सेवाग्राही समेतलाई हस्ताक्षर गराई वडाध्यक्षको सिफारिसमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**निर्णय नं. २२**

यस नगरपालिका वडा नं. १,३,५,७,९ र नगर कार्यपालिका कार्यालयमा ज्यालादारीमा कार्यरत रहेका कार्यालय सहयोगीहरू क्रमशः फडिन्द्र नेपाल, मान बहादुर लिम्बु ,राजु श्रेष्ठ ,गीता राई ,अन्जु घिसिङ, टंक राई र दिपकला घिमिरेलाई करार सेवामा आबद्द गर्नका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

माथि उल्लेख गरे भन्दा बाहेकको हकमा (आयोजना छनौट, प्राथमिकीकरण, रकम बिनियोजन, शर्तहरु निर्धारण, छुट भएका कर, दस्तुर, दण्ड जरिवाना एवम् राजस्वका दरहरू निर्धारण, उपभोक्ता वा अन्य नगरपालिका वा साझेदार सङ्घ संस्थाहरूसँग समन्वय सहकार्य आदि गर्न/गराउन) यस नगरसभामा भए सरहको अधिकार पाख्रीबास नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।